# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, कात्तिक २ गते २०३३ साल**

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

कुलेखानी जल विद्युत् विकास समिति (गठन) आदेश, २०३२ को दफा ३ को उप–दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही गठन आदेशको दफा ३ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखी समिति सदस्यहरूको थप र हेरफेर गरेको छ ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) माननीय जल तथा विद्युत् राज्य मन्त्री – – – – – – अध्यक्ष

(ख) माननीय जल तथा विद्युत् सहायक मन्त्री– – – – – – उपाध्यक्ष

(ग) सचिव, जल तथा विद्युत् मन्त्रालय – – – – – – – – सदस्य

(घ) प्रतिनिधि, (सह–सचिवस्तर) अर्थ मन्त्रालय – – – सदस्य

(ङ) प्रतिनिधि, (सह–सचिवस्तर) कानून तथा न्याय मं. – सदस्य

(च) प्रतिनिधि, (सह–सचिवस्तर) राष्ट्रिय योजना आयोग – सदस्य

(छ) चीफ इञ्जिनीयर विद्युत् विभाग – – – – – – – – सदस्य

(ज) कार्यकारिणी अध्यक्ष, वा महा–प्रबन्धक, ने. वि. क. – – – सदस्य

(झ) डीन, इञ्जिनीयरिङ्ग अध्ययन संस्थान – – – – – – – सदस्य

(ञ) परियोजना प्रमुख कुलेखानी जल विद्युत् परियोजना – – सदस्य–सचिव

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव



603

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जल तथा विद्युत् मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खानेपानी तथा ढल निकास समितिको गुरूयोजना अन्तर्गत ट्युबवेल बनाउनको लागि बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं नगर पञ्चायत वार्ड नं. २२ (ख) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि. नं. ७ र ८, पश्चिम कि. नं. ५ र ६, उत्तर कि. नं. ८ र खोला, दक्षिण कि. नं. ७ यति चार किल्लाभित्रको कि. नं. ७ बाट ०-८-३ र कि. नं. ८ बाट १-१-० को जम्मा रोपनी १-९-३ (एक रोपनी नौआना तीन पैसा) को जम्मा मालपोत रू. ४।३८ (चार रूपैयाँ अठतीस पैसा) लागेको कित्ता।

आज्ञाले-
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## जल तथा विद्युत मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खानेपानी तथा ढल निकास समितिको गुरुयोजना अन्तर्गत पम्प-स्टेशन बनाउनको लागि बागमती अञ्चल, काठमाडौं जिल्ला, सिनामङ्गल गा. पं. वार्ड नं. ४ (क) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व गोरेटो बाटो, पश्चिम कि. नं. ६, उत्तर कि. नं. ९ र १०, दक्षिण डिल्लीबजार एयरपोर्ट जाने सडक यति चार किल्लाभित्रको कि. नं. ९ बाट ०-१-० र कि. नं. १० बाट ०-८-१ को जम्मा मालपोत रू. १।८८ (एक रूपैयाँ अठासी पैसा) लागेको जम्मा रोपनी ०-९-१ (नौआना एकपैसा) को कित्ता।

आज्ञाले-
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव

४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।